# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**माछापोखरी, कास्की**
**गण्डकी प्रदेश, नेपाल**

**पत्र संख्या :** २०७५/०७६ **मिति :** २०७५/०५/२४
**चलानी नं.:** १४१

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय माछापोखरी, कास्की गण्डकी प्रदेश, नेपाल २०७३

श्री वडा कार्यालय, सबै
अन्नपूर्ण गाउँपालिका, कास्की ।

**विषय : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि- २०७५ लागू भएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा केन्द्रीय पञ्जिकरण विभाग, बबरमहल, काठमाडौंको च.नं. ११२, मिति २०७५/०५/१९ को पत्र बमोजिम सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ खारेज भई नयाँ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ माननीय मन्त्री स्तरबाट मिति २०७५/०४/२३ मा स्वीकृत प्रदान भएको र सोही मितिबाट लागू भएकोले सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी सम्पूर्ण कार्यहरु नयाँ कार्यविधि अनुरुप गर्नु गराउनुहुन सबैको जानकारीको लागि अनुरोध छ । साथै नयाँ कार्यविधि अनुरुप निम्न कार्यहरु तुरुन्तै गर्नु गराउनुहुन समेत अनुरोध छ ।

- नयाँ कार्यविधिको परिन्छेद ३ को दफा ९ को उपदफा २ बमोजिम **" नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था वा नेपाल सरकारसँग सम्बन्ध स्थापित भएका मित्र राष्ट्र वा तिनका निकायबाट मासिक रुपमा तलब, भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाईरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउनेछैनन् ।"** तथा सोही दफाको उपदफा ३ मा **" कुनै बालबालिकाको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएमा वा कुनै व्यवसाय दर्ता गरी संचालन गरीरहेको भएमा यो भत्ता प्राप्त हुनेछैन ।"** भनी उल्लेख भएअनुसार वडामा यस प्रकारका सेवा सुविधा पाईरहेका लाभग्राहीहरु भएमा वडा समितिको बैठकबाट निर्णय गराई एम. आइ. एसमा समेत लगत कट्टा गराई गाउँपालिकालाई जानकारी दिनुहुन ।

- आ.व. २०७५/०७६ को प्रथम किस्ता भत्ता पाउने लाभग्राहीहरुको विवरण अद्यावधिक नगरेको भए समयमा नै अद्यावधिक गरी आ.व.२०७५/०७६ बाट लागू हुने गरी थप भएका लाभग्राहीहरुको विवरण गाउँपालिकालाई उपलब्ध गराईदिनुहुन । साथै विगत लामो समय देखि लगत कट्टा भएका तर एम. आइ. एसमा लगत कट्टा नभएका लाभग्राहीहरुको अनिवार्य एम. आइ .एसमा समेत लगत कट्टा गर्नुहुन ।

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

- कार्यविधिको परिच्छेद ६ को दफा २० अनुसार एम. आइ .एसमा विवरण प्रविष्टि भएपछि प्राप्त हुने १३ अङ्कको नम्बरलाई नै परिचय पत्र नम्बर कायम गरी सम्बन्धित लाभग्राहीको परिचय पत्र अनिवार्य रुपले व्यवस्थित गर्नुहुन । एम. आइ .एसमा दर्ता नभएका लाभग्राहीहरु तथा कार्यविधि अनुसार परिचय पत्र नम्बर व्यवस्थित नभएका लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता रकम उपलब्ध गराउन नसकिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

- नयाँ कार्यविधिमा उल्लेख भएका अनुसूचीहरु बमोजिम नै लाभग्राहीहरुको दर्ता नविकरण, नयाँ नाम संकलन, अभिलेखीकरण तथा प्रतिवेदन गर्नुहुन । नयाँ निवेदन संकलनका लागि जेष्ठ नागरिकहरुको लागि श्रावण १ गते देखि पौष मसान्तसम्म र अन्य सबै लाभग्राहीहरुको लागि जहिले सुकै तथा दर्ता नविकरणका लागि सबै लाभग्राहीहरुका लागि श्रावण १ गते देखि पौष मसान्तसम्म गर्नुहुन ।

- कार्यविधिको परिच्छेद १० को दफा ४० बमोजिम " **नेपालभरीका दलित र कर्णाली अञ्चलमा नवजात शिशुको जन्म भएको मितिले ३५ दिन भित्र जन्म दर्ता गर्न आउने परिवारलाई प्रोत्साहन स्वरुप रु.१०००।- (एक हजार रुपैयाँ ) सामाजिक सुरक्षा भत्ता रकमबाट नै प्रदान गरीनेछ । यस्तो रकम जन्म दर्ता गर्ने वडा कार्यालयले प्रमाण पत्र प्रदान गर्दा संगै प्रदान गर्नुपर्नेछ ।** " भनी उल्लेख भएअनुसार सोही बमोजिम गर्नु गराउनु हुन ।

- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ केन्द्रीय पञ्जीकरण विभागको वेभसाइट www.docr.gov.np बाट डाउनलोड गरी वा गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाईमा सम्पर्क गरी प्राप्त गर्न सक्नुहुनेछ ।

(शेषकान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

**शेषकान्त पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**